# स्थानीय राजपत्र

## पिपरा गाउँपालिका द्वारा प्रकाशित

खण्ड :६ संख्या :४ मितिः २०८०/१०/१५

# भाग १

## पिपरा गाउँपालिकाको

### कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि, २०८०

मूल्य रु २०

पिपरा गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ६ संख्या: ४ मिति: २०८०/१०/१५

## भाग-१

## पिपरा गाउँपालिकको

## कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि, २०८०

**कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि, २०८०**

**प्रस्तावना:**

गाउँपालिकालाई प्राप्त हुने विशेष, सशर्त एवं समपुरक अनुदानका साथै गाउँपालिकाको वार्षिक रुपमा स्वीकृत भई कार्यन्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट ३ % कट्टा गरी हुन आउने कन्टिजेन्सी रकमलाई व्यवस्थित,

प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले, स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा (४) ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि, २०८० रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखी प्रारम्भ हुनेछ

**२. उद्देश्यः**

कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्न अनुसार छन्।

(क) योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

(ख) दफा ३ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिन्जेन्सी वापतको रकममा खर्च गर्न,

(ग) कन्टिन्जेन्सी वापत रकमलाई एकीकृत रुपमा लागत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

(घ) भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

(ङ) कन्टिन्जेन्सी बापतको अभिलेखीकरण गर्न, आदि। रकमको यथार्थपरक विवरण

**३. कन्टिन्जेन्सी रकमको व्यवस्थाः**

गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको तोकिए बमोजिम कन्टिन्जेन्सी वापतको रकम कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी

उक्त रकमलाई दफा २ मा उल्लेख भए बमोजिमका शिर्षकहरुमा मात्र खर्च गर्न सकिने छ।

## ४. खर्च गर्न सकिने क्षेत्रहरु:

योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी कट्टा रकमलाई गाउँपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढङ्गले खर्च गर्न सकिने छ।

(क) योजना अनुगमन तथा सुपरिपेक्षण एवं योजनासँग सम्बन्धित प्रशासनिक र बैठक भत्ता लगायत खाजा खाना खर्च,

(ख) योजना कार्यन्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

(ग) योजना कार्यन्वयनका लागि आवयश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

(घ) तत्काल कार्यन्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु,

(ङ) गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

(च) योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि अभिमुखिकरण/ तालिम / गोष्ठि कार्यक्रम सञ्चालनमा लाग्ने खर्च,

(छ) योजना तथा कार्यक्रम अनुगमन तथा निरिक्षणका क्रममा भएको यातायतको खर्च,

(ज) स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अध्यन गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्यन तथा अवलोकन भ्रमन खर्च,

## ५. कन्टिन्जेन्सी रकमको खर्च प्रकृति:

(क) कार्यक्रमको हकमा आवश्यकता अनुसार प्रशासनिक (चालु) मा खर्च गरिने छ।

(ख) योजना तथा कार्यक्रमको कुल कन्टिन्जेन्सी रकम मध्ये अति आवश्यक र तत्काल गर्नु पर्ने पुजीगत आयोजनाको हकमा रकम विनियोजन गरि खर्च गर्न बाधा पर्ने छैन ।

**६. कन्टिन्जेन्सी रकम एकीकृत तथा खर्च प्रणाली:**

गाउँपालिकाको वार्षिक स्वीकृत बजेट तथा संघिय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई आर्थिक वर्षको सुरुमा नै एकीकृत रुपमा हिसाब गरी सो को लागत राखिने छ। तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन संगै खर्च गरिने व्यवस्था मिलाईने छ।

**७. थपघट, हेरफेर वा संशोधन:**

विधमान समितिको सिफारिसमा कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्ने छ।

**८. वाधा अड्काउ फुकाउने अधिकार:**

(क) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै वाधा अड्काउ परेमा सो फुकाउने अधिकार विधान समितिको सिफारिसमा कार्यपालिकाको हुनेछ

(ख) तर प्रचलित ऐन, कानुन, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अड्काउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन।

प्रमाणीकरण मिति :२०८०/१०/१४ गते

राजपत्रमा प्रकाशित मिति :२०८०/१०/१५ गते

आज्ञाले ,

सर्बजीत कुमार झा

प्रमुख प्रशासकीय अधिकृत